ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETINS

BROADCAST: 18:40 HRS DATED: 14.09.2024

- **Health ICMR**

भारतीय आयुर्विज्ञान अनुसन्धान परिषद (ICMR)-ले मानवीय क्लिनिकल क्षेत्रको पहिलो परीक्षणमा प्रगतिका लागि दवाई कम्पनीहरू र शिक्षाविद साझेदारहरूसित सहमति पत्रमा हस्ताक्षर गरेको छ। यो समझौता चिकित्सीय परीक्षणमा आत्मिनिर्भरता हासिल गर्न र स्वदेशी दवाई कम्पनीको क्षेत्रलाई अघि बढ़ाउने दिशामा एउटा महत्त्वपूर्ण पहल हो।

केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री श्री जगतप्रकाश नड्डाले यस साझेदारी सहयोगको सराहना गर्दै भन्नुभयो, यो समझौता सबै नागरिकका लागि सस्तो र सुलभ उपचारको दिशामा धेरै महत्त्वपूर्ण छ। उहाँले भन्नुभयो, यस पहलबाट भारतलाई विश्व स्तनरमा स्वास्थ्य नवाचारमा अघि बढ्नमा सहयोग मिल्नेछ।

स्वास्थ्य अनुसन्धान विभागका सचिव तथा ICMR-का महानिदेशक डाक्टर राजीव बहलले भन्नुभयो, यस समझौताबाट विभाग सार्वजनिक-निजी साझेदारीको माध्ययमबाट भारतमा चिकित्सीय अनुसन्धानलाई अघि बड़ाउनमा कति प्रतिबद्ध छ भन्ने

कुराको थाहा लाग्दछ। डाक्टर बहलले भन्नुभयो, चिकित्सीय परीक्षणको पहिलो चरण स्थापित हुनु स्वदेशी अणुहरूको विकासको दिशामा एउटा महत्त्वपूर्ण घटक हो। स्वास्थ्य सचिवले भन्नुभयो, स्वास्थ्य अनुसन्धान विभागले यस नेटवर्कलाई अघि बढ़ाउने योजना बना□रहेछ, ताकि भारत नवाचार र सस्तो स्वास्थ्य हेरचाहको दिशामा लगातार अघि बढ़िरहेको सुनिश्चित हुनसकोस्।

--------------------------------------X--------------------------------------

- **Lok Adalat**

सिक्किमभरिका जिल्ला तथा तालुक अदालत पीठहरूमा आज राष्ट्रिय लोक अदालत आयोजन गरियो। राष्ट्रिय कानूनी सेवा प्राधिकरणको निर्देशन अनि सिक्किम उच्च न्यायालयकी न्यायाधीश एवं सिक्किम कानूनी सेवा प्राधिकरणकी कार्यकारी अध्यक्ष न्यायमूर्ती मिनाक्षी मदन राईको निगरानीमा राज्य प्राधिकरणद्वारा राष्ट्रिय अतालतको आयोजना गरेको हो। विभिन्न लोक अदालत पीठहरूद्वारा कुल चौह्तरवटा मामिलाको उठान गरियो, जसमा ब्याङ्क असुली मामिला, आपराधिक समझौता योग्य मामिला, वैवाहिक मामिला र अन्य नागरिक मामिला शामेल छन्। यस अवसरमा चौवनवटा मामिला सुल्झा□यो।

राष्ट्रिय लोक अदालतमा समाधानको माध्यमबाट पीडित पक्षहरूलाई कूल तीरतर लाख बयालीस हजार दुई सय एकचालीस रूपियाँ प्रदान गरियो।
अघिल्लो राष्ट्रिय लोक अदालत यसै वर्षको चौध दिसम्बरमा हुनेछ।

--------------------------------------X--------------------------------------

- **Landslide Inspection**

पाकिमका महकुमा अधिकारी श्री DM सुब्बाको नेतृत्वमा गएको टोलीले आज बड़ापाथिङमा सड़क सम्पर्कसित सम्बन्धित मामिलाको जायजा लियो। बड़ापाथिङ पारखामा गएको पहिरोका कारण अवरूद्ध बनेको सड़क मार्गको निरीक्षणलाई निरन्तरता दिँदै अधिकारीको एउटा टोलीले घटना स्थलको भ्रमण गरेको हो। पाकिमका जिल्लाधीशको निर्देशनमा गएको टोलीमा पारखाका खण्ड विकास अधिकारी श्री केवल शर्मा र राजस्व अधिकारी रहेका थिए।

यस अवधि, महकुमा अधिकारीले अधिकारीहरूसित अन्तरक्रिया गर्ने क्रममा कार्य स्थलमा मानव शक्तिको वर्तमान अवस्थाको जायजा लिनका साथै स्थानीयवासीले सामना गर्नुपरिरहेको

समस्यामाथि चर्चा गर्नुभयो। श्री सुब्बाले NHIDCL-का प्रतिनिधिहरूलाई जतिसक्तो छिटो सड़क सम्पर्क बहाल गर्न युद्धस्तरमा काम गर्ने निर्देश दिनुभयो। यसको प्रतिउत्तरमा उनीहरूले पनि मौसम अनुकूल रहेको खण्डमा सप्ताह दिनभित्र मरम्मतको कार्य पूरा गर्ने आश्वासन दिएका छन्।

--------------------------------------X--------------------------------------

- **Workshop on Single Use Plastic**

पर्यावरण शिक्षा कार्यक्रमअन्तर्गत वन एवं पर्यावरण विभागद्वारा प्लास्टिकको एकल प्रयोगको विकल्पमाथि आयोजित दुई दिवसीय व्यवहारिक कौशल कार्यशालाको आज समापन भयो। भारत सरकारको पर्यावरण वन एवं मौसम परिवर्तनको वित्त पोषणमा जोरथाङस्थित पञ्चसील भवनमा हिजोदेखि आयोजित कार्यशालामा गेजिङ, नाम्ची र सोरेङ जिल्लाका तीसवटा विद्यालयबाट एस सय पचासजना विद्यार्थी र शिक्षकहरूले सहभागिता जनाए।

कार्यशालामा शिक्षण तथा व्यवहारिक गतिविधिका साथ अर्थव्यवस्थालाई बढ़ावा दिन शून्य अपशिष्ट पहलमाथि ध्यान केन्द्रित गरिएको थियो। कार्यशालामा प्लास्टिक र अन्य प्रकारका

अपशिष्टलाई उपयोगी सामग्रीको रूपमा परिवर्तन गर्नु, मिशन ला□क-पर्यावरणका लागि जीवन शैलीको उद्देश्यअनुरूप स्थानीय रूपमा उपलब्ध प्राकृतिक संसाधनबाट सजावटका सामग्री र उपयोगी कला बनाउनमा कौशल प्रदान गर्नु जस्ता गतिविधि शामेल छन्।

-------------------------------------------X------------------------------------------

- **Hindi Dewash Message**

आज हिन्दी दिवस हो। यस अवसरमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले देशवासीलाई हिन्दी दिवसको शुभकामना दिनुभयो। उहाँले सोसल मिडिया पोस्टमा भन्नुभएको छ, भाषा अभिव्यक्तिको साधन हो। जसरी जीवनमा चेतना हुन्छ त्यसरी नै भाषामा चेतना हुन्छ।

हिन्दी भाषा विश्वमा सर्वाधिक बोलिने भाषाहरूमध्ये एउटा हो। हिन्दी भाषालाई चौध सितम्बर, 1949-मा राजभाषाको मान्यता दि□एको थियो। यस दिनलाई 1953-देखि प्रत्येक वर्ष देशभरि पालन गरिन्छ।

सिक्किमका राज्यपाल श्री ओम प्रकाश माथुरले पनि राज्यवासीलाई हिन्दी दिवसको शुभकामना दिनुभएको छ। उहाँले

भन्नुभएको छ, हिन्दी हाम्रो राज-काजको भाषा हुनका साथै देशको सांस्कृतिक एकताको प्रतीक पनि हो। राज्यपालले हिन्दी भाषाले सेतुको रूपमा देशलाई एक सूत्रमा जोड़्ने कार्य गरेक बताउनुभएको छ।

--------------------------------------X--------------------------------------

- **Road Open**

गत महिनाको अठार तारिकदेखि डिक्चु-सिङतामबीच मार्चकमा बन्द रहेको सड़क मार्ग लगभग एक महिनापछि खोलिएको छ। यो मार्ग मार्चकमा बन्द भएपछि सिङतामबाट मङ्गन तर्फ जाने वाहनहरूले सामदोङ-राकदोङ मार्ग भएर गुड़्नु परिरहेको थियो। आज विहान यो मार्ग खोलिएपछि चालक साथै यात्रीहरूलाई धेरै राहत मिलेको छ।

--------------------------------------X--------------------------------------